"सामाजिक सुरक्षा, सुशासन, न्याय, विकास र समानता: समृद्ध नगर सुखी नगरबासी हाम्रो प्रतिवद्धता"

सुनवल नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

लुम्बिनी प्रदेश, नेपाल

मिति:२०८३/01 /२८

**<u>विषयः अतिक्रमित सार्वजनिक जग्गा खाली गर्ने सम्बन्धी अत्यन्तै जरुरी सार्वजनिक सूचना।</u>**

नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह समन्वय शाखाको पत्र संख्या २०८२/०८३, चलानी नं. ४९२, मिति २०८३/०१/१७ को "सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने/गराउने सम्बन्धमा" प्राप्त निर्देशन तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको स्थानीय तहको सार्वजनिक सम्पत्तिको संरक्षणसम्बन्धी व्यवस्था बमोजिम सुनवल नगरपालिका क्षेत्रभित्र रहेका सरकारी, सार्वजनिक, ऐलानी, पर्ती, बाटो, कुलो, नाला, पोखरी, चौतारी, खेलमैदान, नदी,खोला किनार, सार्वजनिक खुला क्षेत्र लगायतका सार्वजनिक जग्गा संरक्षण गर्नु नगरपालिकाको दायित्व रहेको व्यहोरा सर्वविदितै छ। साथै नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२।१२।१३ को एक सय बुँदे कार्ययोजनाको बुँदा नं. ९२ मा उल्लेख भएबमोजिम सुनवल नगरपालिका सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्न कटिवद्ध रहेको छ।

सोही सम्बन्धमा यस नगरपालिका क्षेत्रभित्र कतिपय स्थानमा सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमण गरी घर,टहरा, पसल, संरचना, घेराबार, निर्माण सामग्री, सामान थुपार्ने कार्य वा अन्य कुनै प्रकारको भोगचलन गरिएको देखिन आएको हुँदा त्यस्ता अतिक्रमित सार्वजनिक जग्गा यो सूचना प्रकाशित भएको मितिले **७ (सात) दिनभित्र** सम्बन्धित व्यक्ति, संस्था वा पक्षले स्वेच्छाले खाली गर्नुहुन यो सार्वजनिक सूचना जारी गरिएको छ। तोकिएको समयभित्र अतिक्रमित सार्वजनिक जग्गा खाली नगरेमा प्रचलित कानून बमोजिम त्यस्ता संरचना, सामग्री वा अतिक्रमण हटाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ। सार्वजनिक जग्गा संरक्षण कार्यमा सहयोग गर्नु सबै नागरिकको कर्तव्य भएकाले सम्बन्धित सबैलाई समयमै अतिक्रमित सार्वजनिक जग्गा खाली गरी नगरपालिकालाई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ।

विमला अर्याल
नगर प्रमुख

बिमला अर्याल
नगर प्रमुख

Website: www.sunwalmun.gov.np Email: sunwalmunicipality@gmail.com